# दिपायल सिलगढी नगरपालिका, डोटी

## एक्काईसौं नगर सभा

### आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

नगर सभाका अध्यक्षज्यू,
नगर सभाका सदस्यज्यूहरू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
सम्पूर्ण कर्मचारी साथीहरू,
सञ्चारकर्मी मित्रहरू तथा उपस्थित महानुभावहरू,

सर्वप्रथम दिपायल सिलगढी नगरपालिकाको एक्काइसौं नगरसभाको यस गरिमामय अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

स्थानीय सरकारको रूपमा जनताको नजिक रहेर सेवा प्रवाह गर्ने संवैधानिक जिम्मेवारीलाई आत्मसात गर्दै, नगरवासीको आवश्यकता, चाहना र प्राथमिकतालाई केन्द्रमा राखी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित महसुस गर्दछु।

## १. पृष्ठभूमि

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य र नगरवासीका अपेक्षालाई आधार मानी यो बजेट तयार गरिएको छ।

**हाम्रो लक्ष्य:**
**"समृद्ध, व्यवस्थित र आत्मनिर्भर दिपायल सिलगढी नगरपालिका निर्माण"** गर्नु रहेको छ।

यस बजेटले सामाजिक न्याय, सुशासन, पूर्वाधार विकास, आर्थिक विकास, विपद् व्यवस्थापन, वातावरण संरक्षण र गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकता दिएको छ।

नगर उप प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

## २. बजेटका मुख्य उद्देश्यहरू

यस बजेटका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

१. नगरपालिकाको भौतिक तथा सामाजिक पूर्वाधार विकास गर्ने।

२. गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा पहुँच विस्तार गर्ने।

३. कृषि, पशुपालन, पर्यटन तथा स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने।

४. युवा तथा महिलाको क्षमता विकास गरी रोजगारी सिर्जना गर्ने।

५. पारदर्शी, जवाफदेही र प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने।

६. विपद् व्यवस्थापन संग सम्बन्धीत कार्यलाइ प्रभावकारी कार्यान्वयन गर्ने ।

७. सेवा निबृत्त भइ जाने कर्मचारीहरुको उपदान सहितका सुविधाको लागि आवश्यक प्रवन्ध गर्ने र करार तर्फका कर्मचारीहरुको पारिश्रमिक बृद्धिका लागि आवश्यक बजेट ब्यवस्था गर्ने ।

## ३. प्राथमिकताका क्षेत्रहरू

### (क) पूर्वाधार विकास

नगर क्षेत्रभित्र सडक, सिँचाइ, भवन, खेल मैदान तथा अन्य आवश्यक पूर्वाधार निर्माणलाई निरन्तरता दिइनेछ।

एक घर एकधारा कार्यक्रम अन्तरगत विश्वबैंकको सहयोगमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन पूर्वाधार विकास कार्यक्रम सम्पन्न गर्न जोड दिइनेछ।

### (ख) शिक्षा क्षेत्र

शिक्षाको गुणस्तर सुधारका लागि:

- विद्यालय पूर्वाधार सुधार,
- शैक्षिक सामग्री व्यवस्थापन,
- शिक्षक तथा विद्यार्थीको क्षमता विकास,
- प्रविधिमैत्री शिक्षालाई प्रोत्साहन गरिनेछ।

नगर उप प्रमुख



प्रमुख [illegible] अधिकृत

## (ग) स्वास्थ्य तथा सामाजिक विकास

नगरवासीको स्वास्थ्य अधिकार सुनिश्चित गर्न:

- स्वास्थ्य संस्थाको सुदृढीकरण,
- स्वास्थ्य सेवा पहुँच विस्तार,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका कार्यक्रम सञ्चालन गरिनेछ।

## (घ) कृषि तथा आर्थिक विकास

स्थानीय उत्पादन वृद्धि र आयआर्जनका लागि:

- कृषि तथा पशुपालन आधुनिकीकरण,
- किसान प्रोत्साहन कार्यक्रम,
- सीप विकास तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।

## (ङ) महिला, बालबालिका तथा समावेशी विकास

समावेशी विकासलाई प्राथमिकता दिँदै:

- महिला सशक्तीकरण,
- बाल अधिकार संरक्षण,
- लैंगिक समानता, लैंगिक हिंसा निवारणा तथा सामाजिक समावेशीकरण (GESI) सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षित अल्पकालिन महिला सेवा केन्द्र सञ्चालन व्यवस्थापनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

## (च) पर्यटन तथा संस्कृति

दिपायल सिलगढी नगरपालिकाको ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरिनेछ र खप्तड पर्यटन विकासकालागि आवश्यक समन्वय र सहकार्य बढाइनेछ ।



नगर उप प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

## ४. सुशासन तथा सेवा प्रवाह

नगरपालिकाबाट प्रदान गरिने सेवा सरल, छिटो र प्रभावकारी बनाउन डिजिटल सेवा विस्तार, अभिलेख व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षाण,सार्वजनिक लेखा परीक्षण, नागरिक सन्तुष्टि सर्भेक्षाण सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

## ५. बजेटको स्रोत

आर्थिक वर्ष २०८३/०८४ को बजेटका लागि:

| सि.नं. | आय अनुमान | आय अनुमान | चालु खर्च तर्फ बिनियोजन | पूंजीगत खर्च तर्फ बिनियोजन | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ८८,५६,००,००० | ३०,७९,२०,००० | ५७,७६,८०,००० | ८८,५६,००,००० |
| क | समानीकरण अनुदान | १२०४००००० | ५२००००० | ११५२००००० | १२०४००००० |
| ख | सशर्त अनुदान | ७४९८००००० | ३०२७२०००० | ४४७०८०००० | ७४९८००००० |
| ग | समपुरक अनुदान | १५४००००० | ० | १५४०००३० | १५४०००३० |
| २ | प्रदेश सरकार | ७,०२,६८,००० | ० | ७,०२,६८,००० | ७,०२,६८,००० |
| क | समानीकरण अनुदान | ११३८३००० | ० | ११३८३००० | ११३८३००० |
| ख | सशर्त अनुदान | ५६९६०००० | ० | ५६९६०००० | ५६९६०००० |
| ग | समपुरक अनुदान | १९२५००० | ० | १९२५००० | १९२५००० |
| ३ | राजश्व बांडफांड | ११,४४,३१,००० | ११,४४,३१,००० | ० | ११,४४,३१,००० |
| क | संघीय सरकार तर्फ | १०८६६७००० | १०८६६७००० | ० | १०८६६७००० |
| ख | प्रदेश सरकार सवारी साधनकर | ४२६४००० | ४२६४००० | ० | ४२६४००० |
| ग | स्थानीय राजश्व बांडफांडबाट प्राप्त | ९००००० | ९००००० | ० | ९००००० |
| घ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६००००० | ६००००० | ० | ६००००० |
| ४ | आन्तरिक आय | १,५४,९९,००० | १,५४,९९,००० | ० | १,५४,९९,००० |
| ५ | बैंक मौज्दात | ३,००,००,००० | ३,००,००,००० | ० | ३,००,००,००० |
| | कुल जम्मा | १,११,५७,९८,००० | ४६,७८,५०,००० | ६४,७९,४८,००० | १,११,५७,९८,००० |



नगर उप प्रमुख

...कासकीय अधिकृत

कुल अनुमानित बजेट रकम रु.१,११,५७,९८,०००।०० ( एक अरब एघार करोड सन्ताउन्न लाख अन्ठानब्बे हजार) रहेको छ । जस मध्ये चालु खर्च रु.४६,७८,५०,०००।००(छयालिस करोड अठ्हत्तर लाख पचास हजार) र पूँजीगत खर्च रु. ६४,७९,४८,०००।०० (चौसठ्ठी करोड उनासि लाख अठ्चालिस हजार) रहेको छ ।

## ६. अन्त्यमा

यो बजेट केवल आर्थिक दस्तावेज मात्र नभई नगरको समग्र विकासको मार्गचित्र हो। यसको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज र सम्पूर्ण नगरवासीको सहयोग आवश्यक छ।

दिपायल सिलगढी नगरपालिकालाई अझ सुन्दर, समृद्ध र व्यवस्थित बनाउन हामी सबैको साझा प्रयास आवश्यक छ।

अन्त्यमा, बजेट निर्माणका क्रममा सुझाव, सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने नगर प्रमुखज्यू, नगर सभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू सहित कर्मचारी वर्ग तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद।**

**प्रस्तोता: नगर उपप्रमुख-कलावती महर सांउद**

**जय दिपायल सिलगढी नगरपालिका।**
**जय डोटी।**

प्रमुख प्रशासकीय अधिकृत

नगर उप प्रमुख

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिलगढी, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३